नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 25 No 1 | Monthly International Edition of Herald of His Coming | January 2024
वर्ष २५, अङ्क १ | हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन | (माघ, २०८०)

व्यक्तिगत जीवन र ख्रीष्टको जीवन
The self life and The Christ life

By Andrew Murray (1829–1917)

"... कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र मेरो क्रुस उठाएर मेरो पछि लागोस् ।" (मत्ति १६ : २४)

मत्ती १६ : १३ मा हामीले हेर्न सक्दछौ कि येशूले सिजरिया फिलिपीमा आफ्ना चेलाहरूलाई यसरी सोध्नु भयो "मानिसहरूले मानिसको पुत्रलाई को हो भनी भन्दछन् ?" तिनीहरूले जवाफ दिए, कसैले बप्तिस्मा दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा अगम वक्ताहरूमध्ये कुनै एक जना हुन भनी भन्दछन् ।" उहाँले तिनीहरूलाई सोध्नुभयो तिमीहरू के भन्छौ ? म को हुँ ? १६ पदमा सिभोन पत्रुसले जवाफ दिए "तपाई ख्रीष्ट हुनुहुन्छ जीवित परमेश्वरको पुत्र"(मत्ती १६ : १३ : १६) येशूले तिनलाई भन्नुभयो "योनाका छोरो सिमोन तिमी अन्य हौ । किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनु हुने पिताले प्रकट गर्नुभएको हो । म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ । म मेरो मण्डली यस चट्टानमाथिठ स्थापित गर्नेछ, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुने छैनन् । म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु । जे तिमीले पृथ्वीमा बाध्नेछौ, सो स्वर्गमा बाँधिने छ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ । (मत्ती १६ : १७ - १९)

त्यस्तै गरि पद २१ लाई हेर्ने हो भने कसरी उहाँले आफ्नो नजिक आउँदै गरेको मृत्युको बारेमा बताउनुभयो । पत्रुसले त पद २२ मा उहाँलाई यसरी त्याउन थाले "परमेश्वरले यस्तो नगरुन, प्रभु, तपाईंमाथि यस्तो कहिल्यै हुनेछैन । तर फर्केर उहाँले पत्रुसलाई भन्नुभयो, ए शैतान मेरो सामुन्नेबाट हटिजा तँ मेरो निम्ति बाधा होस् । किनभने तँ परमेश्वरका कुरामा होइन, तर मानिसहरूका कुरामा ध्यान दिन्छस् । तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् ।" (पद २२ - २४)

हामी प्रायसजसो सम्झौता गरिएको जीवनको वारेमो सोच्दछौ र भन्दछौ यसको खास जरो के हो ? धेरै विस्वासीहरूले परमेश्वरको वचन र अधिकारमा बाँच्नुको सट्टा संसारीक आँखाले आफैलाई हेर्दै जीवन वर्वादीतिर लगेका छन् यसको खास कारण के होला ? यो प्रश्न हामी हरेक लाई आउँदछ कुनै कुरा गलत हो भन्ने थाहा पाएर पनि त्यसको विरुद्धमा

लडाई गर्दा पनि जीत्न नसक्नुको खास कारण के होला ? हामीले सयौं पटक प्रार्थना गर्दछौं तर पनि यी कुराहरू माथि विजयी हुन नसक्नुको कारण के होला ? हामीले मिश्रित, विभाजित मन भएको जीवन विताइरहेका छौं यसको कारण के होला ?

यो प्रश्नको उत्तर सरल छ, सम्पूर्ण समस्याहरूको समाधान परमेश्वरको वचनमा सम्झौता नगर्नु नै मुख्य जरो हो । यदी कसैले मलाई यो समस्याबाट कसरी छुटाउन सकिन्छ भनेर सोध्यो भने मैले यस्तो उत्तर दिन चाहन्छु "जे जसो भएता पनि माथिबाट आउने ख्रीष्टको जीवन सँग अरू कुनै कुरा सँग सम्झौता गर्नु हुँदैन । तब मात्र हामी विजयी जीवन जीउन सकिन्छ । हामी जहिले पनि आफूँलाई हेर्नु भन्दा अरूहरूलाई हेर्न खोज्दछौं । यहाँ भन्न खोजिएको एउटा शब्द आत्मालाई विचार गरौं त । येशूले पत्रुसलाई भन्नुभयो" कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् ।"

यो चेलाको खास चिन्ह हो । ख्रीष्टियन जीवनको रहस्य आफैलाई इन्कार गर्नु र अरू कुरा व्यक्तिकै ठिक भइहाल्छ । पत्रुस एक जना विश्वासी थिए र उनी आत्माले चलाएका व्यक्ति थिए । उनले येशूलाई खुशी पार्न उत्तर दिएका थिए उनले यस्तै "तपाईं जीवित परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ ।" यो त्यस्तो असाहारण केहि थिएन भनी विचार गर्नु होस् । हामीले हाम्रो जीवनमा सिकेजस्तै पत्रुसले पनि त्यस्तै उत्तर दिएका थिए । यहाँ ख्रीष्टले पत्रुसलाई सिकाउँदै गर्नुभएको देखे । र उहाँले भन्नुभयो "तिमी धन्यका हौं ।"

तर यो कुरा विचार गरौं संसारिक ख्रीष्टियनहरू सँग कसरी पत्रुसको आत्मा रहिरहन्छ । ख्रीष्टले आफ्नो क्रुसको विषयमा बोल्नु भएको थियो, तर उनको आत्माले "तिमी मेरा प्रिय पुत्र हौं" भन्ने कुरा सोचिरहेको थियो । पत्रुसको दिमागमा ख्रीष्टको क्रुस र मृत्युको वारेमा कुनै सोचाइले भएता उनले सोच्नै नसक्ने कुरा घरि घरि आइरहन्थ्यो "त्यस्तो कहिल्यै नहोस्, प्रभू ! तपाईंलाई क्रुसमा टाँगेर मार्न मिल्दैन नसकिदैन ।"

यहाँनेर त्यही विचार पत्रुससँग भएकाले ख्रीष्टले पत्रुसलाई हकार्नु भयो ए शैतान, मेरो सामुन्नेबाट हटिजा, तँ मेरो निम्ति बाधाहोस् किनभने तँ परमेश्वरका कुरामा होइन, तर मानिसहरूका कुरामा ध्यान दिन्छस् ।" अर्को शब्दमा भन्नुपर्दा पत्रुस केवल संसारिक ख्रीष्टियनको रूपमा सोचिरहेका थिए । परमेश्वरको आत्माले उनलाई सिकाउनु भएअनुसार उनी बोल्न सकेनन् । ख्रीष्टले अझै अगाडि उनलाई भन्नुभयो "याद राख भन्ने म मात्र होइन, तिमी पनि मर्नु पर्दछ ।" यदि कोही परमेश्वरको चेला बन्न चाहन्छ भने उसले आफैलाई इन्कार गर्नुपर्दछ र आफ्नो क्रुसबाट उठाएर उहाँको पछि लाग्नु पर्दछ ।

"आफै" भन्ने शब्दलाई यहाँ विचार गरौं त यो शब्दलाई हामीले बुझ्यौ भने त्यो स्वार्थी शब्द हो मै, मै भन्नाले हाम्रो जीवनको असफलताका खास कारण त्यही हो । यस्तो विचारले हामीलाई ख्रीष्ट कहाँ जान देखि रोक्दछ ।

आफू (म) भन्ने जीवनको प्रवृत्तिः

म , म भन्ने विचारको प्रवृत्ति कस्तो हुन्छ हामी त्यो कुरालाई विचार गरौं । त्यसपछि त्यसका कामहरू कस्ता कस्ता हुन्छन् भनी विचार गर्नेछौं । यी प्रश्नहरू विचार गरौं त त्यो विचार वाट हामी कसरी मुक्त हुन सक्दछौं ? यस्तो स्वभाव परमेश्वरले मानिसलाई सृष्टि गर्दा देखिनै सुरु भएको हो । 'म' भन्ने विचार सृष्टिको केन्द्र विन्दु पनि हो ।

किन परमेश्वरले स्वर्गदूत वा मानिसलाई 'म' भन्ने स्वभाव दिनुभयो यसको अर्थ यस्तो थियो कि मानिसले त्यो वस्तु परमेश्वरको महिमाको निम्ति प्रयोग गर्न सकोस् । त्यो एउटा खाली भाँडो जस्तै हो जहाँ परमेश्वरले आफ्नो आत्मा खन्याउन सक्नु हुनेछ ।

परमेश्वरले हामीलाई आत्मा निर्धारणको शक्ति दिनुभयो जसले गर्दा त्यो 'म' भन्ने चिजलाई हरेक दिन परमेश्वर कहाँ ल्याउन सकौं । प्रभू ! त्यस्तै काम गर्नुहोस् । यो म तपाईलाई अर्पण गर्दछु ।

परमेश्वरले एउटा मान्छेको खोजीमा हुनुहुन्थ्यो जहाँ उहाँले आफ्नो सुन्दरता, वृद्धि र शक्ति पूर्णतया खन्याउन सक्नुहुनेछ । उहाँले संसार, सूर्य, चन्द्रमा, ताराहरू, रुखहरू, फल-फूलहरू र घाँसहरू द्वारा उहाँको सून्दरता र वुद्धि धन देखाउने सृष्टि गर्नु भयो । तिमीहरूले के गर्दैछन् थाहै तपाई त्यो गर्दैछन्, तर मानिस त्यस्तो होइन परमेश्वरले आफ्नो आत्मा खन्याएको ठाउँ मानिस हो । परमेश्वरले स्वर्गदूतलाई स्वइच्छा र साथ सृष्टि गर्नुभयो । तिनीहरू स्वइच्छाले उहाँलार्य मर्नका लागि भाडाहरूको रूपमा आफूलाई अर्पण गर्दछन् । तर अफसोस् ! तिनीहरू सबैले त्यसो गरेनन् । एउटा कम्पनिको प्रमुख थिए जसले आफैलाई हेर्न थाले । उसले परमेश्वरले दिएको अद्धभूत शक्तिको वारेमा विचार गर्दै थिए । र आफैमा उनी रमाउन थाले । "के म सधैं परमेश्वरले मलाई यो कम्पनीको प्रमुख बनाएकोमा उहाँलाई सधैं धन्यवाद दिने र भर परिरहने व्यक्ति हुनुपर्दछ र ? उनले आफैलाई घमण्डी बनायो र परमेश्वरबाट उनी टाढा भयो र स्वर्गबाट स्वर्गदूत फालिएजस्तै गरी ऊ पनि परमेश्वर बाट पछारियो ।

परमेश्वरले हामीलाई सधैं उहाँसँग भर परेको र सृष्टिको उद्देश्य बुझेको चाहनुहुन्छ । हामी परमेश्वर तिर फर्कनु पर्दछ । आफैलाई परमेश्वरबाट टाढा राख्नु भनेको नरकलाई रोज्नु हो । त्यसपछि हुने भयानक घटना हामी सबैलाई थाहा छ । परमेश्वरले मानिसलाई सृष्टि गर्नु भयो, र दुष्ट सर्पको रूपमा यस पृथ्विमा आयो र हब्वालाई वहकायो । वास्तवमा मानिस एक स्वतन्त्र आत्मा भएको प्राणी हो । सर्पले हब्वालाई असल र खराब छुट्याउने प्रलोभन पारी परिक्षा लियो । जव सर्पले परिक्षामा पाऱ्यो त्यसलाई नबुझेको कारणले हब्वाद्वारा मानिस नर्कातिर जाने भयो । त्यो नरकको विष मानिसले पियो । त्यो त्यही आत्मा हो जसलाई 'म' आफै लाभ दिंदा राम्रो होला जसलाई हामीले हाम्रा पथमा आमा -बुबा हव्वा र आदमबाट प्राप्त गर्न सक्यौं ।

यो त्यही म (आफै) थियो जसले यस संसारमा विनास ल्यायो सर्पवाट स्त्रीमा सम्पूर्ण दुःख, अन्धकार र पाप, खसेको थियो । यो श्राप अनगिन्ती पुस्ता सम्म र युग युग सम्म बजिरहेको छ । यदी हामीले खीष्टले हाम्रो लागि के गर्नुहुन्छ भन्ने राम्रो सँग बुझ्ने हो भने र हामी पूर्ण मुक्तिको साझेदार र बन्न चाहन्छौ भने, श्रापित आत्मा, दुख दिने आत्मा, परमेश्वरबाट हामीलाई टाढा राख्ने आत्मालाई पूर्ण रूपमा त्याग्न सिक्नु पर्दछ ।

स्वयंका कार्यहरू (व्यक्तिगत कामहरू):

अरू विचार गरौं म (आफै)ले के का मगर्दछ । मैले धेरै कुरा भन्न सक्दछु, हामीले निरन्तर प्रयोग गरिरहने सरल कुरालाई सिकौं । म (आफै) भनेर आफ्नै इच्छाले का मगर्न खोज्नु र आफैलाई मात्र खुशी पार्न खोज्नु मानिसको सबैभन्दा ठूलो पाप हो । धेरै मानिसको जीवन वर्वादी तिर गएको छ यसको मुख्य कारण म (आफै) भनेर घमण्ड गर्नु नै हो । जसले गर्दा हामीले संसारसँग सम्झौता गरिरहेका हुन्छौ ।

मानिसले आफैलाई मात्र खुशी पार्न काम किन गर्नुहुँदैन भन्ने कुरा बुझ्न सक्दैन । किनहोला धेरै विश्वासीहरूले उ पनि एउटा मानिस नै हो र उसले आफैलाई मात्र खुशी पार्न काम गर्नु हुँदैन भन्ने किन नबुझेको होला ? अरू संसारका मानिसहरूले त बुझेनन् बुझेनन् । जसमा खीष्टको आत्मा रहेको हुन्छ उसले जहिले पनि परमेश्वरको इच्छालाई खोज्दछ । "...हेर्नुहोस्, तपाईकै इच्छा पूरा गर्न म आएको

छु ।" (हिब्रू १० : ९) हामी विश्वासीहरूले हजारौं तरिकाले आफैलाई खुशी पार्ने प्रयास गर्दछौं कसरी होला आफै खुशी पार्न पाए हुने थियो भनी इच्छा गर्दछौं । मानिसहरूलाई त्यो थाहा हुँदैन कि उनिहरूको भित्रपट्टि भएको 'म' (आफै) भन्ने शब्दले तिमीहरूको खुशीलाई लुटिरहेको हुन्छ । येशूले पत्रुसलाई भन्नुभयो "पत्रुस आफैलाई इन्कार गर, तर पत्रुसले यसको सट्टामा उनले म वरु परमेश्वरलाई इन्कार गर्दछु आफैलाई त मरेपनि गर्दीन" भने । उनले यस्ता शब्द कहिलै बोलेनन् तर ख्रीष्टले उनलाई अन्तिम रातमा भन्नुभयो "तिमीले मलाई इन्कार गर्नेछौं ।" र पत्रुसले त्यसै गरे यसको मुख्य कारण के थियो आफैलाई पत्रुसले सन्तुष्टि पारे । खुशी भए । एकजना साधारण नोकरले यो पनि ख्रीष्टका दलका मानिस हुन् भन्ने उनले अस्विकार गरे, उनी डराए । तिनले ३, ३ पटक भने मैले यी मानिसलाई चिन्दिन । मेरो उहाँसँग कुनै सरोकार छैन । उनले ख्रीष्टलाई इन्कार गरे ।

एकपटक विचार गरौं त पत्रुसले खसालेको आँसु कुनै अनौठो कुरा होइन । यो स्वःकेन्द्रित आत्मा र परमेश्वरका प्रिय पुत्र ख्रीष्ट येशूको विचको सम्बन्ध थियो । पत्रुसले आफै यो आँसु छानेका थिए । "मैले आफूलाई इन्कार गर्नुको सट्टा ख्रीष्टलाई किन इन्कार गरे ।" यो सोचाइ आउनु स्वभाविक नै थियो । जब उनले यो कुरा आफैले महसुस गरेर उनी वेस्सरी रोए । विश्वासीहरूले येशूको वचनको प्रकाशमा आफैलाई हेर्नुपर्दछ । के तपाईंले आफैलाई मात्र आफ्नो इच्छाले खुशी पार्ने जीवन जीउनु भएको छ ? यो कुरा सम्झनु होस् जब तपाईं हरेक पटक आफैलाई मात्र खुशी पार्न चाहनु भयो भने तपाईंले येशूलाई इन्कार गर्नुहुन्छ । आफुलाई मात्र खुशी पार्न कि येशूलाई इन्कार गर्न तपाईले यी २ मा एकलाई रोज्नु पर्दछ ।

तपाईंको जीवनले आफूलाई ईन्कार गर्ने र येशूलाई स्विकार गर्ने नभएसम्म असल इसाई जीवन जीउन सकिँदैन । विचार गरौं त परमेश्वरलाई इन्कार गर्ने आत्माले कसरी पत्रुसलाई प्रभाव पाऱ्यो ? किन येशूले पत्रुसलाई "तिमीले मलाई त्याग्नेछौं" भन्नुभयो किनकि येशूलाई पत्रुसको स्वःआत्मा विश्वास थाहा थियो । तीन वर्षसम्म प्रभु म जेल जान र मर्न पनि तयार छु भन्ने विचार कता गयो ? यो त उनले मुखले मात्र बोलेका रहेछन् ।

धेरै मानिसहरूले मलाई सोध्ने एउटा प्रश्न छ 'म किन असफल हुन्छु ?" म परमेश्वरको इच्छा अनुसार बाँच्न उत्कृष्ट इच्छा गर्दछु, यात जोसिएर प्रार्थना गर्दछु किन मलाई असफलताको छाड्नैन किनभने उत्तर सजिलो छ "तपाई आफैमा केन्द्रित जीवन जिउनु भएको कारणले हो ।"

कतिले मेरो यो साँचो उत्तरमा धेरै मानिसहरूले भन्दछन् "होइन्, म गर्दिन" मलाई थाहा छ म कमजोर छ, तर पनि म परमेश्वरमा भरोसा राख्दछु ।" यसो भन्नेहरूलाई म फेरी भन्दछु "होइन भाई, यदि तिमीले परमेश्वर र येशूमा भरोसा राख्यौ भने तिमी कहिलै पनि असफल हुने छैनौ । तिमी आफैमा भरोसा राखेकाले असफल भएका हौ ।"

हामीले यो पनि विचार गरौ हाम्रो असफलताको कारण यही हो अरू कुरा होइन् । परमेश्वरमा भरोसा राख्नु को सट्टा हामी यो विलासी जीवनमा भरोसा राख्दछौं । शर्वशक्तिमानलाई विर्सेर आफ्नै शक्तिमा विश्वास गर्नेहरूलाई येशूले भन्नुहुन्छ "त्यसकारणले तिमीले आफैलाई इन्कार गर्नु पर्दछ ।" के हामीले उहाँलाई खुशी पारेका छौं यस्तो प्रश्नलाई विचार गर्दा येशूले भन्नुभयो ..... जब कि तिमीहरू आपसमा एकअर्काबाट सम्मान खोज्दछौ अनि त्यो सम्मानको खोजी गर्दैनौ, जो एकमात्र परमेश्वरबाट आउँछ ।" (यूहन्ना ५:४४) हामीले अरूले मेरो प्रसंसा गरिदिओस् भनी सोच्दछौं भने, विश्वासको जीवन

जीउन विल्कुलै असम्भव छ । यो त केवल नाटक मात्र हो । यसले हामीलाई परमेश्वरबाट अलग गराउँदछ । यो एउटा धोका मात्र हो जसबाट हामी खीष्टसँग वहकिएका मात्र हुन्छौं ।

सामाजिक विनिमय :

हाम्रो विचनमा तेश्रो हुँदा आउन सक्दछ, यो विचारबाट छुटकरा पाउन हामीले के गर्नुपर्ला ? यो प्रश्नको जवाफमा येशूले भन्नुभयो "कोही मेरो पछि आउने इच्छा गर्दछ भने उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् ।" (मत्ति १६ : २२ - २४) यो वचनलाई राम्रोसँग ध्यान दिनुहोस् त ! यसको हामीले आफैलाई इन्कार गर्नु पर्दछ र येशूलाई स्विकार गर्नु पर्दछ । हाम्रो जीवनमा लिनु पर्दछ । यो हाम्रो जीवनको छनोटको विषय हो । आफै केन्द्रित जीवन कि खीष्ट केन्द्रित जीवन कुन रोज्ने यो हाम्रो छनोट हो । येशूले भन्नुहुन्छ मेरो पछि लाग म तिम्रो हेरचाह गर्नेछु ।"

ओहो साथीहरू, यो कुरा विचार गर्नुभयो, यो त विनिमय जस्तो देखियो । स्वकेन्द्रित जीवन जीउनेहरूले परमेश्वरलाई खुशी पार्न सक्दैनन् । त्यसैले खीष्टको केन्द्रित जीवन जीउनेलाई मात्र उहाँले आशिष दिनुहुन्छ यो त साटासाट जस्तै हो । के हामी भन्न सक्दछौं म मेरो जीवन इन्कार गर्दछु र खीष्टको जीवन धारण गर्दछु । येशूले भन्नुहुन्छ यी ति योटा हुन् कनि भने यिनले आफैलाई इन्कार गरी मलाई स्वीकार गरेका छन् ।"

के तपाईंलाई थाहा छ किन विश्वासीहरूले आफैलाई इन्कार नगरिकनै लगातार रूपमा प्रार्थना गरिरहन्छन् । तपाईंलाई दृष्टान्त भन्न चाहान्छु जुन सबै मानिसहरूलाई थाहा हुनु पर्दछ - एक जना बलियो मानिस घरको भित्रपट्टी लुकेर बसेको थियो । त्यतिबेला सम्म ऊ भित्रै वस्यो जतिबेला उभन्दा अझै बलियो अर्को मानिस आएर उसलाई बाहिर निकाल्दैन । त्यो बाहिर निस्किए पछि बाहिरको ठाउँ खालि थियो त्यसैले त्यसलाई सफा गरियो र व्यवस्थित गरियो । त्यो ठाउँमा उसले आफूभन्दा सातगुना खराब आत्माहरू लिएर आयो । सो घटना लूकाको सुसमाचार ११:२१ - २६ सम्म हामीले मिल्दो जुल्दो भएको देख्न सक्दछौं । यो खण्डमा खीष्ट स्वयं आउनु भएको छ र उहाँले मात्र भित्र भएको समस्यालाई वाहिर निकाल्न सक्नु हुन्छ । तर त्यो खराब आत्मा हामीसँग सधै रहिरहन चाहन्छ ।

पावल प्रेरितलाई हेरौं त, उनले स्वर्गीय दर्शन देखेका थिए तापनि उनी नमात्तिउन भन्नको लागि उनको शरीरमा एउटा खिल हालिएको थियो (२ कोरिन्थी १२ : २ - ९) त्यति वेलाको समयमा आफैले आफैलाई उच्च पार्ने प्रवृत्ति थियो त्यो प्रवृतिले मानिसलाई जित्न पनि सक्ने थियो । तर खीष्टले उहाँको प्रिय सेवा गर्नका लागि आफ्ना प्रियलाई त्यो प्रवृतिबाट छुटकारा दिनुभयो । येशू खीष्ट सक्षम परमेश्वर हुनुहुन्छ उहाँकै स्वर्गीय अनुग्रहद्वारा उहाँको शक्तिले हामी पनि हाम्रा कमजोरीहरू माथि हात राखेर तिनीहरूलाई नियन्त्रण गर्न सक्दछौं । खीष्ट हाम्रो आत्माको जीवन वन्न सधै तयार हुनुहुन्छ । उहाँले हामीलाई हाम्रो जीवनबाट उहाँलाई पछ्याउन र हाम्रो जीवन उहाँमा मात्र राख्न सिकाउन उहाँ सधै इच्छुक हुनुहुन्छ । उहाँ हाम्रो आत्माको ज्योति सधै सधै हुन चाहनुहुन्छ ।

त्यसपछि हामी पावल प्रेरितले भनेका कुराहरूमा ध्यान दिऊँ "...अब उप्रान्त जिउने म होइन तर खीष्ट ममा जिउनुहुन्छ ।" (गलाती २: २०) यो पदलाई विचार गरौं त पहिला अब उप्रान्त जिउने म होइन भनेको त्यसपछि मात्र "तर खीष्ट ममा जिउनुहुन्छ भनिएको छ ।" हो हाम्रो जीवनको तरिका पनि यही हो ।

हामीले पत्रुसलाई फेरि हेरौ त खीष्टले उनलाई भन्नुभयो "आफूलाई इन्कार गर र मेरो पछि लाग" वास्तवमा उनले कसलाई पछ्याउनु पर्ने थियो ? त्यसमा उनि असफल भए तापनि

येशूले तिनलाई अगुवाई गरिनै रहनुभयो । उहाँले पत्रुसलाई कहाँ लैजानु भयो ? हो उहाँले तिनलाई गेतसमनी तिर लैजानु भयो । त्यहाँ पनि पत्रुस असफल भए । ख्रीष्टले प्रार्थना गरिरहनु भएको थियो तर उनी तुरुन्तै निदाइहाले । अब ख्रीष्टले पत्रुसलाई कलबरी तिर लैजानुभयो त्यहाँ पनि पत्रुस असफल नै भए । उहाँलाई तिनले अस्विकार गरे । के त्यो ख्रीष्टको नेतृत्वमा भएको थियो । परमेश्वरलाई प्रसंसाहोस्, वास्तवमा नेतृत्व ख्रीष्टकै थियो होइन र ? यो खण्ड पढ्दा हामीलाई अति अप्ठ्यारो पनि लाग्न सक्दछ किन पत्रुसले यसो गरे होलान त ? उत्तर स्पष्ट छ अहिले सम्म उनि अझै पवित्र आत्माको शक्तिले भरिएका थिएनन् । पत्रुस यति बेलासम्मै एक शारीरिक मानिस मात्र थिए । पापी मानवीय स्वभावलाई जीत्न उनि आफै सक्षम थिएनन् ।

यो समयमा ख्रीष्टले के गर्नुभयो ? जबसम्म पत्रुस पवित्र आत्माले मारिएनन र परमेश्वरको पूर्ण अगुवाई थाहा पाएनन् उहाँले तिनलाई अगुवाई गरिनै रहनु भयो । येशूले उनलाई आफ्नो चिहानको छेउसम्म त्यसपछि पनुरुत्थान सभ्य र पेन्तिकोसको दिनसम्म डोहोऱ्याउँदै सँगै लिएर हिँड्नुभयो । त्यसपछि जब पवित्र आत्मा परमेश्वर स्वयंम पत्रुसको जीवनमा वास गर्न आउनु भयो त्यसपछि उनको जीवन साँचो रूपमा परिवर्तन भयो । ख्रीष्ट साँचो रूपमा पत्रुससँग सधैको लागि वास गर्नु भयो ।

आत्मिक जीवनलाई हाम्रो जीवनमा काम गर्नदिने एउटा तरिका छ जसलाई इन्कार गरिएको जीवन भनिन्छ । हामीले ख्रीष्टलाई जीवनभरि पछ्याउनु पर्दछ । उहाँमा हाम्रो हृदय सेट गर्नुपर्दछ । उहाँका शिक्षाहरू सुन्नुपर्दछ, हरेक दिन आफैलाई उहाँको पाउमा समर्पण गर्नु पर्दछ त कि उहाँ हामी सँग सधैको लागि सबैको लागि हुनुहुनेछ । ख्रीष्टको शक्तिद्वारा मात्र हामीले आफैलाई इन्कार गर्न सक्नेछौं । म एक घण्टाको लागि पनि विश्वासीहरूले त्यस्तो चरणमा पुग्ने आशा गर्दिन जहाँ उसले भन्न सक्दछ "मलाई इन्कार गर्ने कुनै व्यक्ति नै छैन ।" एक क्षण विचार गरौं हामीले पनि भन्न सक्दैनौ कि "मैले आफैलाई इन्कार गर्न आवश्यक छैन ।"

त्यसो होइन, ख्रीष्टको क्रुससँगको संगति र परमेश्वरको अनुग्रहबाट हरेक घण्टा हामीले आफैलाई इन्कार गर्न सकिन्छ । हाम्रो आफ्नो ज्ञान र बुद्धिले आफैलाई इन्कार गर्नु कुनै ठाउँनै छैन । हामी पावलले भने जस्तै ख्रीष्ट येशूसँगै क्रुसमा टाँगिएका हुन्छौं । हामीले उहाँको मृत्युमा वप्तिस्मा पाएका छौं र त्यस्तै अनुसारको जीवन जीउनु अति नै आवश्यक हुन्छ । विचार गरौं ख्रीष्टमा कुनै पाप नै थिएन तर उहाँसँग आफैलाई इन्कार गर्ने आत्मा थियो त्यही आत्माले गर्दा उहाँले आफैलाई मृत्युसम्मै आफुलाई इन्कार गर्नु भयो र क्रुसलाई स्विकार गर्नु भयो । गेतसमनीको वगैंचामा कष्टसित प्रार्थना गर्दा उहाँले भन्नुभयो " हे पिता मेरो इच्छा होइन" उहाँले कुनै पाप गर्नु भएको थिएन र आफैलाई इन्कार गरि मृत्यु सम्मै आज्ञाकारी हुनुभयो र मृत्युलाई रोज्नुभयो । उहाँको त्यो मृत्युलाई जितेर पुनरुत्थान हुनुभयो र परमेश्वरसँगै महिमामा रहनु भयो । के आज हामीले उहाँको गरे जस्तै आफुलाई इन्कार नगरी स्वर्ग जाने विषयमा कल्पना गर्न सक्दछौं ?

होसियार ! ख्रीष्टले मृत्युलाई स्विकार गर्नुभयो र चिहानमा पनि जानुभयो त्यसपछि उहाँमा हामीसित हुनुभयो । यो घटना कहाँबाट सुरु हुन्छ । ख्रीष्टले आफैलाई इन्कार गरेको कारणले उहाँ हामीमा हुनुभयो । हामी पनि उहाँलाई पछ्याउने छौं र छुटकरा सहितको जीवनमा उहाँसँगै महिमामा पाउनेछौं ।

प्रभुको सामु आफैलाई नम्र बनाउनुहोस्

अब परमेश्वरले हामीलाई यो खण्डबाट के सिकाउन चाहनुहुन्छ । हामीले सिक्नुपर्ने एउटा कुरा के भने हामीले परमेश्वर सँग नम्र भएर समय बिताउनु पर्दछ । हामीमा उहाँको अवस्था कस्तो छ विचार गर्नुहोस् । आफ्नो जीवनमा भएका हरेक

कमजोरीहरू, असफलताहरू, उहाँलाई आदर नगर्ने कुराहरूबाट सधैं टाढा रहनुहोस् । हामीले भन्न सक्नुपर्दछ "प्रभु म यही छु ।" हाम्रो जीवनलाई पूर्ण नियन्त्रण गर्न खीष्टलाई दिइहाल्नुपर्छ । उहाँले राज्य गर्नु भएको जीवन असल हुन सक्दछ भनी विश्वास गर्नु होस् ।

आफैलाई इन्कार गर्ने कुरा सजिलै हुन्छ भन्ने कहिल्यै सोच्नु हुँदैन । विभिन्न सम्मेलनहरूमा प्रार्थना गर्न, समर्पण गर्न, प्रतिज्ञा गर्न, आत्मासमर्पण गर्न एकदमै सजिलो कार्य हो । तर खीष्टको मृत्यूलाई सम्झेर आफैलाई क्रुसको फेदीमा लगेर गरिएका प्रतिज्ञाहरूलाई व्यवहारमा ल्याउनु अतिनै महत्वपूर्ण कुरा हो । खीष्टको मृत्युको शक्तिलाई हाम्रो जीवनका दिन दिनै काम गर्न दिनुपर्दछ ।

ओह ! विचार गर्नुहोस् स्वइच्छाले चलेको पत्रुसको जीवन र परमेश्वरको इच्छा अनुसार पवित्र आत्माले भरिएको उसको जीवनलाई विचार गरौं त । कत्रो फरक छ पत्रुस परमेश्वर र खीष्टको आत्माले भरिएपछि परमेश्वर प्रति भर पर्न सके । हामी हरेक परमेश्वरका थुमाको आचरणमा परिवर्तन हुन पवित्र आत्माले मरिनु पर्दछ । हामी हरेक खीष्टको जस्तो जीवन जिउनका लागि बोलाइएका हौं । उहाँले आफ्नो जीवन हामीमा जीवित होस् भन्ने चाहनुहुन्छ । यसको लागि हामीले बुझ्नु पर्ने के कुरा छ भने हामीले आफैले आफैलाई अस्विकार गर्न र खीष्टको शक्तिमा बाँच्न सिक्नुपर्दछ । पत्रुसले भने जस्तै, जब उनले खीष्टलाई इन्कार गरे, उनले भन्दछन् कि - "उहाँसँग मेरो कुनै सरोकार छैन" । त्यसैले हामीले आज यसो भन्नुपर्छ "मसँग मेरो आफैमा कुनै सरोकार छैन । यसरी खीष्ट सबैमा रहनुहुनेछ । उहाँ सम्पूर्ण हुनुहुन्छ ।

आउनुहोस् हामी आफैले आफैलाई नम्र तुल्याऊँ । हामीले कसरी खीष्टलाई अपमान गरिरहेका हुँदा रहेछौं । स्वः उच्च पार्ने जीवनले हामीलाई तल पार्दछ र आफूलाई इन्कार गर्दै खीष्टलाई उचालेको जीवन साँचो जीवन हो । आउनुहोस् हामी यसरी प्रार्थना गरौं" ।

हे प्रभु ! तपाईंको ज्योतिले मेरो स्वार्थपूर्ण आत्मालाई पत्ता लगाइदिनु भएको मैले थाहा गरें । हामी अझै पनि 'म' (आफै) भनिरहेका हुन सक्छौ तर हामीलाई थाहा नहुन पनि सक्दछ, त्यसरी नै हाम्रो कमजोरीहरू देखाइदिनुहोस् । प्रभू ! हाम्रा हृदयका आँखाहरू खोलिदिनुहोस् । हामीलाई तलतिरका कुराहरूदेखि जोगाउनुहोस् । येशूको नाउँमा आमिन् । प्रियहरू, हामी सधैं एकदमै उत्कटताका साथ प्रार्थना गरौं त्यसपछि हामी हाम्रा धार्मिक अभ्यासहरू, धार्मिक अनुभवहरू र आशिषहरूबाट टाढा नहुन्जेल परमेश्वरलाई पर्खी राखौं । परमेश्वर हाम्रो नजिक नआउन्जेल हामी प्रार्थना गर्न नछाडौं । हे प्रभु तपाईंले एउटा स्वर्गदूतलाई शैतानको रूपमा परिवर्तन गर्नुभयो र जसले हाम्रा पहिलो आमा बाबालाई बर्बाद पाऱ्यो । त्यो दुष्टले स्वर्गबाट अन्धकारमा झाऱ्यो । आज त्यसले हाम्रो जीवनमा काम गरिरहेको छ र विनास तिर धकेलिरहेको छ । प्रभू ! मलाई मेरा कमजोरीहरू पत्ता लगाउने शक्ति दिनुहोस् । हाम्रो प्रार्थना यस्तै होस् ।

जब हामी यसरी प्रार्थना गर्दछौ हाम्रो र परमेश्वरको सम्बन्ध झन झन नजिक हुन जान्छ र हाम्रा समस्याहरू उहाँमा भन्न र उहाँले हाम्रो लागि दिनु भएको आशिषलाई विनिमयकै रूपमा चिन्न सकिनेछ । जब पवित्र आत्मा हामीमा आउनुहुनेछ हाम्रो जीवन परिवर्तन हुनेछ । अब म खीष्टको निम्ति बाँच्नेछु मेरो निम्ति होइन, यो विचार हामीमा प्रकट हुनु पर्दछ । आफैलाई अस्विकार गरौं, येशूलाई स्विकार गरौं र उहाँसँग दिन दिनै मर्नको लागी क्रुसलाई उठाऔं । अब हामी उहाँलाई मात्र पछ्याउने छौं । उहाँले हामीलाई उहाँको अनुग्रह, कृपा, दया र जीवन बुझ्न सहायता दिनु हुनेछ ।

(Master's Indwelling वाट लिइएको यस लेखका लेखक एण्ड्रु मुर्रे हुन् जसले दक्षिण अफ्रिकामा धेरै वर्षसम्म पास्टर तथा मिसनरी भएर सेवा गरे ।)

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com